# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।०२ गते।

# प्रेस विज्ञप्ति

**विषय: <u>आरोपपत्र दायर गरिएको।</u>**

जिल्ला बाँके, बाँके जिल्ला अदालतको मुद्दा मिसिल अभिलेख रहेको फाँट "क" मा कार्यरत नायब सुब्बा राम प्रसाद धमलाले फैसलाको प्रतिलिपि दिने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत वापत रू.१२,०००।– (बाह्र हजार रुपैयाँ) माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल, सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिई गएको टोलीले निज नायब सुब्बा राम प्रसाद धमलालाई सेवाग्राहीसँग रु.१२,०००।–(बाह्र हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा बाँके जिल्ला अदालतको मुद्दा मिसिल अभिलेख रहेको फाँट "क" मा कार्यरत नायब सुब्बा राम प्रसाद धमलाले बैनाबट्टा लेनदेन मुद्दाको अदालतबाट भएको फैसलाको प्रतिलिपि उपलब्ध गराई दिने प्रयोजनको लागि बिभिन्न बहाना बनाई सेवाग्राहीसँग रु.१२,०००।—(बाह्र हजार रुपैयाँ) घुस/रिसवत माग गरी लिएको स्थापित भएको देखिएकोबाट निज राम प्रसाद धमलाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर भएको हुँदा निजलाई बिगो रु.१२,०००।- (बाह्र हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता<br>
राजेन्द्र कुमार पौडेल